धनगढी उप-महानगरपालिकाको
प्रथम नगरपरिषद्को वैठकको उद्घाटन समारोहमा प्रस्तुत
आगामी आ.व.२०७३।०७४को वजेट व्यक्तव्य

प्रथम नगरपरिषद वैठकको उद्घाटन समारोहका
प्रमुख अतिथी राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री विजय बहादुर कुंवर ज्यू
विशिष्ट अतिथी कैलाली जिल्लाका श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू

अतिथीगण, पूर्व विधायकज्यूहरू, स्थानीय विकास अधिकारीज्यू, राजनैतिक दलका प्रमुखज्यु एवं प्रतिनिधीज्यूहरू, साविक धनगढी नगरपालिकाका पूर्व नगर प्रमुख ज्यू एवं जनप्रतिनिधीज्यूहरू, कार्यालय प्रमुखज्यूहरू, साविक उर्मा र फुलवारी गा.वि.स.का पूर्व अध्यक्षज्यूहरू, कैलाली उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाईटी, नेपाल पत्रकार महासंघ, गैर सरकारी संस्था महासंघ लगायत अन्य सामाजिक संघसंस्थाका प्रमुखज्यू एवं प्रतिनिधीज्यूहरू, विभिन्न शैक्षिक प्रतिष्ठानका प्रमुखज्यू एवं प्रतिनिधिज्यूहरू, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्थाका पदाधिकारीज्यूहरू, समाजसेवी, मानव अधिकारकर्मी, नागरीक समाजका प्रतिनिधी, उद्योगपति व्यवसायी, बुद्धिजिवी, संचारकर्मी मित्रहरू एवं उपस्थित महिला तथा सज्जनबृन्द ।

- सर्वप्रथम,नेपालको सुदूर पश्चिम क्षेत्रको प्रमुख व्यापारिक एवं औद्योगिक नगरीको रूपमा परिचित सुदूर पश्चिमकै पहिलो उपमहानगर धनगढी उपमहानगरपालिका, कैलालीको आज हुन गईरहेको प्रथम नगर परिषद बैठकको गरिमामय उद्घाटन समारोहमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका श्रदेय प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यूहरू अतिथीगण लगायत यहां उपस्थित सम्पूर्ण महानुभावहरूमा मेरो व्यक्तिगत र धनगढी उपमहानगरपालिका कार्यालयको तर्फबाट हार्दिक स्वागत गर्दै अभिवादन व्यक्त गर्दछु । नेपाल सरकार (मन्त्री परिषदको) मिति २०७२ साल आश्विन १ गतेको निर्णय अनुसार कैलाली जिल्ला, निर्वाचन क्षेत्र नं.६ अन्तर्गत साविकको धनगढी नगरपालिकामा साविककै फुलवारी र उर्मा गा.वि.स.हरू गाभिई क्षेत्र विस्तार तथा उपमहानगरपालिकामा स्तरोन्नती भई तदउप्रान्त धनगढी उपमहानगरपालिकाको नामबाट नगरपालिकाको कामहरू सुचारू भई आएको व्यहोरा यहांहरू सबैलाई सर्वविदितै छ । यस अवसरमा, धनगढी उपमहानगरपालिका घोषणा भएकोमा नेपाल सरकार प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै धनगढी उपमहानगरवासीहरूलाई पनि वधाई तथा शुभकामना टक्रयाउन चाहन्छु ।

- नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको पछिल्लो पटकको मिति २०६८ पौष २० गतेको जारी परिपत्र बमोजिम प्रदत जिम्मेवारीको आधारमा धनगढी उपमहानगरपालिकाको सर्वोच्च अंग नगर परिषदको प्रथम बैठकको गरिमामय समारोहमा प्रमुखको हैसियतले धनगढी उपमहानगरपालिकाको आगामी आर्थिक बर्ष २०७३।०७४ को नीति कार्यक्रम र बजेट प्रस्तुत गर्न पांउदा आफुलाई ज्यादै नै गौरवशाली ठानेको छु । यस ऐतिहासिक अवरमा, हाम्रा धनगढी उपमहानगरवासी, आदरणयि दिदीवहिनी तथा दाजुभाईहरू प्रति सम्मानका साथ अभिनन्दन गर्न चाहन्छु । साथै यसै गरी हाम्रो मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता तथा शान्ति र समृद्धिका खातिर ईतिहासको विभिन्न कालखण्डहरूमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय ज्ञात, अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धा सुमनअर्पण गर्दै घाईतेजन प्रति स्वास्थ्य लाभको कामना पनि गर्दछु ।

- विकेन्द्रीकरणको माध्यम द्धारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा आधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई आफ्नो क्षेत्रको सन्तुलित र समावेशी विकासका लागी साधनको

परिचालन,विनियोजन र विकासको प्रकृयालाई संस्थागत तुल्याउने उक्तदायित्व एवं जिम्मेवारी सहितको स्थानिय निकायहरूको व्यबस्था भै आएको सन्दर्भमा, स्थानीय निकायहरू लाई जनतालाई नजिकबाट सेवा प्रदान गर्ने, प्रत्यक्ष र तत्काल लाभको अनुभूती दिने र बिकास निर्माणका योजना तथा कार्यक्रमहरू संचालन गर्न महत्वपुर्ण एवं नेतृत्वदायी निकायको रूपमा सबैले जान्ने, बुझ्ने र लिने गरेका छन् । र यी निकायहरूलाई जनताको सबै भन्दा नजिकको सरकार एवं घर नजिकको प्रतिनिधिमूलक शासकीय संयन्त्रको रूपमा पनि लिने गरिन्छ । यी निकायहरू बि.सं.२०५९ साल देखि हाल सम्म निर्वाचित जनप्रतिनिधी बिहीन छन । अहिलेको परिवेशमा कर्मचारीतन्त्रको भरमा संक्रमणकालीन व्यवस्थापन गरिराखेकाछौं । यस परिवेशमा, धनगढीमा क्रियाशील राजनैतिक दलहरू संगको आपसी समन्वय र सहमतिमा समुदायमा आधारित वडा नागरिक मञ्च,नागरिक संचेतना केंन्द टोल बिकास संस्थाहरू र नागरिक समाज संग हातेमालो गर्दै उपलब्ध सीमीत साधन स्रोतको अधिकतम परिचालन गरी बढ्दो शहरीकरणको व्यबस्थापन, आधारभूत शहरी सेवा सुविधाको उपलब्धता र समावेशी बिकास प्रयास लाई संस्थागत गर्ने दिशामा सो को व्यवस्थापन हुदै गईरहेको भएपनि लामो समयसम्म जनप्रतिनिधी विहीनताको अवस्था कायम राखि संक्रमणकालिन व्यवस्थापन गर्नु कसैको लागि श्रेयकर हुदैन । यसै विचमा हाम्रो मुलुकमा विभिन्न प्रकारका विभेदहरूलाई अन्त्य गर्दै समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने नेपाली जनताको लामो समयदेखिको उत्कट चाहना अनूकुल ऐतिहासिक संविधान सभा मार्फत यही २०७२ साल असोज ३ गते नेपालको संविधान पनि जारी भई कार्यान्वयनमा आईसकेको परिप्रेक्ष्यमा अव स्थानीय तहमा स्थानीय निकायहरूको संक्रमणकालिन व्यवस्थापनलाई सम्बोधन गर्न र संवैधानिक मूल्य र मान्यताका आधारमा स्थानीय स्वायत्त शासन पद्धतिलाई सार्थक तुल्याउन स्थानीय निकायहरूको अविलम्व निर्वाचन गर्नुको अर्को विकल्प छैन भन्ने सर्वत्र महशुश भई आएको छ ।

- यस पृष्टभूमीमा धनगढी उपमहानगरपालिकाको समावेशी एवं सन्तुलित विकासका साथै समयानूकुल शहरी सेवा सुविधाहरू प्रदान गर्नु पर्ने नेतृत्वदायी भूमिका धनगढी उपमहानगरपालिकाको कांधमा रही आएको तथ्यमा हामी सचेत र सजग छौं । करीव साढे तिन दशक स्थापित १०३ वर्ग किलो मिटर क्षेत्रफल ओगटी १४ वडामा विस्तार भएको साविक धनगढी नगरपालिकालाई "व्यावसायकि, औधोगिक तथा वहुसांस्कृतिक समुन्नत शहर -धनगढी" वनाउने दीर्घकालिन सोचको परिकल्पनाका साथ आवधिक योजनाहरू, क्षेत्रगत गुरू योजनाहरू र तद्अनुरूप बार्षिक योजनाहरू तर्जुमा गरि कार्यान्वयनमा जांदा पनि योजनाहरूले प्राथमिकता निर्धारण गरेका क्षेत्रहरूमा लगानीका लागि आवश्यक पर्ने श्रोत साधनहरूको उपलब्धता हुन नसक्दा हामीले कल्पना गरेको सोचले अझै पनि ठोस रूपमा मूर्त रूप लिन नसकिराखेको कुरा यहांहरूलाई जग जाहेर नै छ, तर साधन श्रोतको खोजी गर्दै विगत नगर परिषदका बैठकहरूबाट लगानीका वातावरण श्रृजना गर्दै जांदा हाम्रा प्रयासमा आशाका उज्जवल किरणहरू देखा पर्न थालेको तथ्य पनि हाम्रा नगरवासीहरू सामु विभिन्न माध्यमहरू मार्फत सार्वजनिक गर्दै आईरहेका पनि छौं । यो-हो, एशीयाली विकास बैंको ठूलो लगानीमा धनगढी, अत्तरिया, झलारी, पिपलाडी र भीमदत्त नगरपालिकामा केन्द्रित भएर दोश्रो एकीकृत शहरी विकास आयोजना (Second Integrated Urban Development Prject) को शुभारम्भ भै परामर्श दाताहरूबाट अध्ययन कार्य सम्पन्न भएको छ । नेपाल सरकारको मिति २०७२।६।१ को निर्णयानुसार साविक धनगढी नगरपालिकामा साविक उर्मा र फुलवारी गा.वि.स. गाभिन गई धनगढी उपमहानगरपालिकामा स्तरोन्तती भएको वर्तमान सन्दर्भमा भएको क्षेत्रफलमा सत प्रतिशत भन्दा बढी हुन गई २३१ वर्ग कि.मी. पुगेको, जनसंख्या, २०६८ को राष्ट्रिय जन गणना अनुसार १,३७,६६६ पुग्न गएको र वडाहरू पनि २० वटा कायम हुन गएको व्यहोरा निवेदन गर्न चाहन्छु । उपमहानगरपालिका भएकोमा हामीले खुशी र गौरवको अनुभूति गरिराखेको भएता पनि उप-महानगर क्षेत्रको सर्वाङ्गीण विकासको लागि हामीलाई उपलब्ध न्यून साधन श्रोत सदैव चुनौतीको रूपमा रही आएको सन्दर्भ पनि यहां उल्लेख गर्न सान्दर्भिक देख्दछु । धनगढी नगर शहरीकरणको तिव्र चापमा रहेको र उपमहानगर भएपछि यो चाप अझैं बढ्दो अवस्थामा छ । मौजुदा आधारभूत शहरी सेवा सुविधाहरूले थेग्ने अवस्था छैन, फुलवारी वाहेक नगरका अन्य क्षेत्रहरूमा

व्यवस्थित वस्ती विकासको संरचना देखिदैनन । सडक संजाल, ढल निकास, फोहरमैला व्यवस्थापन, वजार क्षेत्र व्यवस्थापन, वातावरण संरक्षण लगायतका क्षेत्रहरूमा अझैं पनि हामीले सोचे जस्तो गरी व्यवस्थित हुन सकिराखेका छैन । हाम्रो पर्यटकीय गन्तव्यहरूको पहिचान गरी तिनको प्रवर्द्धनका साथसाथै हाम्रो रीतिरिवाज, संस्कृति, भाषाहरूको जगेर्ना प्रति पनि यथोचित ध्यान पुग्न सकिराखेको छैन, डुवान र कटानले सदैव पिरोली रहेकोले बर्षेनी प्राकृतिक विपदले हामीलाई पछ्र्याई रहको छ । त्यस्तै गरी, सार्वजनिक जग्गाको अतिक्रमण, खोलानाला माथीको दोहनलाई पनि हामी नगरवासीहरूले वहादुरी प्रदर्शन गरिराखेका छौं । लक्षित विकासका कार्यक्रमहरू पनि लक्षित वर्गसम्म पुर्‍याईएता पनि आशातित उपलब्धी हासिल गर्न अझैं लाग्नु पर्ने अवस्था विद्यमान छ । यी हाम्रा दिनहु भोगिरहेका ज्वलन्त समस्याहरू प्रतिनिधीमूलक समस्या हुन । समष्टिगत रूपमा, यस उप महानगरपालिकाले भोगिरहेका यी ज्वलन्त समस्याहरूलाई उपमहानगरपालिकाको आफ्नो न्यून साधन श्रोत र नेपाल सरकारबाट प्राप्त हुने सीमित केन्द्रीय अनुदान सहयोगबाट नियमित रूपमा विकासका विभिन्न क्षेत्रमा लगानी गर्दा पनि अझैं पनि निश्चित क्षेत्रमा ठोस नतिजा प्राप्त गर्न नसकिराखेको तथ्य यथार्थ नै हो भन्ने लाग्दछ । तैपनि हामीलाई उपलब्ध साधन श्रोत र हाम्रा आवश्यकताहरू / प्राथमिकताहरूलाई बैज्ञानिक ढंगबाट तादाम्यता कायम गर्नु आफैमा चुनौतीपूर्ण भएता पनि सो कायम गर्दै नतिजामूलक उपलब्धी हासिल होस भन्ने हेतुले धनगढी उपमहानगरपालिका भएको सन्दर्भमा, अव नयां सोच, कल्पना, दृष्टिकोण र अवधारणाका साथ आफ्ना विगतका अनुभवहरूलाई पृष्ठपोषणका रूपमा लिई विकासका पाईलाहरू अगाडी योजनावद्ध ढंगले बढाउन गृहकार्य आरम्भ गरिरहेको व्यहोरा पनि उल्लेख गर्न चाहन्छु ।

<u>आदरणीय महानुभावहरू</u>

धनगढी उपमहानगरले झेल्दै भोग्दै गरिराखेका यी ज्वलन्त समस्याहरूलाई एकीकृत र योजनाबद्ध ढंगले सम्बोधन गर्न आफ्नो साधन श्रोतको पहिचान, परिचालन र योजना तथा कार्यक्रमहरूको सही प्राथमिकीकरणबाट मात्र संभव छ । यस परिप्रेक्ष्यमा, साविक धनगढी नगरपालिकाको गत आर्थिक बर्ष ०७१।७२ को र धनगढी उपमहानगरपालिकाको चालु आ.व.२०७२।०७३ को मार्ग मसान्तसम्मको संक्षिप्त समष्टिगत वित्तिय विवरण र यसबाट हासिल भौतिक उपलब्धीहरूलाई यहां उल्लेख गर्न चाहन्छु ।

- साविक धनगढी नगरपालिकाको गत आ.व.२०७१।७२ को कुल यथार्थ आय रू १७,२०,०४,०९४।९३ रहयो । त्यसमध्ये आन्तरिक स्रोत तर्फ रू ३,३६,८६,३४८।४५ र वाह्य स्रोत तर्फ बाट रू१३,५३,७८,६१८।०० आम्दानी भयो भने विगत आ.व.२०७०।२०७१ बाट मौज्दात रकम रू.२९३९१२८।४८ सरि आएको थियो । कुल यथार्थ आयमा आन्तरिक श्रोत तर्फको १९.५८ प्रतिशत र वाह्य श्रोतको ७८.७० प्रतिशत योगदान रहन गयो । आन्तरिक श्रोत तर्फको यो यथार्थ आम्दानी विगत आ.व. ०७०।०७१ को तुलनामा १०.८४ प्रतिशतले घटी भएको छ भने कूल आयमा भने २.९५ प्रतिशतले बृद्धि भएको छ । घटी हुनाको कारण वि.स.२०७२।१।१२ र २९ गते गएको महा विनाशकारी भुकम्पको कारणबाट करीव ३ महिना भरी देशभरीका नगरपालिकाहरूबाट घरनक्सा पासको काम रोकिएबाट त्यसबाट लक्ष्य गरेको रकम नउठ्दा आन्तरिक श्रोत प्रभावित हुन पुग्यो ।

- त्यसैगरी गत आ.व. २०७१।०७२ को कूल यथार्थ व्यय रू.१७,१२,२६,२२७।५४ रहेको छ । यस मध्ये चालु खर्च तर्फ रू.६,०६,२०,५६४।३५ (३५.४० प्रतिशत) सामाजिक सुरक्षा भत्ता वापतको वितरित रकम समेत रहेको छ, भने पूंजीगत खर्च तर्फ रू.११,०६,०५,६६३।१९ (६४.६० प्रतिशत) रहेको छ । विगत आ.व.२०७०।०७१ मा चालु खर्च तर्फ ३०.८३ प्रतिशत र पूजीगत खर्च तर्फ ६९.१७ प्रतिशत, यथार्थ व्यय भएको थियो । यसमा उल्लेखित आय, व्ययका सबै विवरणहरू मासिक, चौमासिक र बार्षिक रूपमा सूचना पाटीमा सार्वजनिक गरेको र बार्षिक रूपमा आर्थिक बर्ष सम्पन्न भएको एक महिनाभित्र स्थानीय पत्रपत्रिका र आफ्नो Web Site मार्फत सार्वजनिक गर्दै आएको व्यहोरा उल्लेख गर्न चाहन्छु ।

- साविक धनगढी नगरपालिकाको गत आ.व. ०७१।०७२ को विकास प्रयासहरू र यसबाट प्राप्त उपलब्धीहरूको सन्दर्भमा संक्षेपमा नगरभित्र ४.१५ कि.मी कालोपत्रे सडक निर्माण, ४.६१ कि.मी. कालोपत्रे सडक आवधिक मर्मत, २२.७७ कि.मी. ग्रेभलिङ्ग सडक निर्माण, (जसमध्ये निर्वाचन क्षेत्र नं.६ को निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम तर्फबाट ११.२८ कि.मी ग्रेभलिङ सडक निर्माण समेत), ३.५० कि.मी. ग्रेभलिङ सडक मर्मत, १ वटा पक्की आर.सि.सि. पुल निर्माण, २ वटा कल्भर्ट निर्माण, ६ वटा बिद्यालय भवनको कोठा निर्माण, ६ वटा वाल विकास, एकल महिला सहकारी गरी सामुदायिक भवनमा अनुदान सहयोग, १.३४ कि.मी पक्की नाली निर्माण, तटवन्ध निर्माण ३ ठांउमा, १ वटा खेल मैदान निर्माण, हालको बसपार्कमा टर्मिनल बसपार्क भवन वहुवर्षीय हिसावले निर्माणाधिन अवस्थामा छ । नगर भित्रका विभिन्न सडकहरूमा २७३ वटा ह्यूमपाईपहरू सम्बन्धित उपभोक्ता मार्फत जडान गरिएका छन । फोहरमैला व्यवस्थापनका लागि वडा नं.२ मा ट्रान्सफर स्टेसनको निर्माण कार्य निर्माणाधिन अवस्थामा रहेको छ ।

- लक्षित समूह विकास कार्यक्रम तर्फ सिलाई कटाई, वेमौसमी तरकारी खेती, अगरवत्ती, मैनवत्ती, व्युटीपार्लर, चाउमिन वनाउने, मौरीपालन, लैंगिक तथा सामाजिक समावेशीकरण, नेतृत्व विकास, सुधारिएको चुलो निर्माण, मुक्त कम्लरीको क्षमता विकास, फोहरमैला व्यवस्थापन, छालाजुत्ता वनाउने तालिमहरू संचालन गरी ४७७ जनालाई लाभान्वित तुल्याएका छौं ।

- त्यस्तै सामाजिक परिचालनको कार्यक्रम मार्फत साविकका धनगढी नगरपालिकाको ७ वटा वडाहरू र उर्मा र फुलवारी गा.वि.स.का वासिन्दाहरूमा जिविकोपार्जनमा सुधार ल्याउनको लागि खडा गरिएको कोषमा प्रति वडा र गा.वि.स.मा रू.१,००,०००।०० का दरले रू.९,००,०००।०० र स साना पूर्वाधार योजनाहरू निर्माण गर्नका लागि नागरिक सचेतना केन्द्रको नाममा ति वडाहरूमा रू.३०,५९,४००।०० वजेट उपलब्ध गराईएको छ । उक्त वजेट मार्फत वंगुर पालन, तरकारी खेती, भैसीपालन, साना खुद्रा पसल संचालन गरी जिविकोपार्जनमा सुधार ल्याउने दिशामा थप टेवा पुग्न गएको छ भने स साना पूर्वाधार योजनाहरू संचालनमा आएका छन ।

आदरणीय महानुभावहरू

- अव म यसै गरी चालु आ.व. ०७२।०७३ को ०७२ श्रावण देखि ऐ. मार्ग मसान्तसम्मको अवधिमा भएका वित्तीय र भौतिक प्रगतीको अलावा गरिएका विकास प्रयासहरूलाई पनि संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

- यस उप महानगरपालिकाको चालु आ.व. ०७२।०७३ को शुरू ५ महिने अवधिमा कुल यथार्थ आय रू.७,२१,९९,२१४।९० रहेको छ । कुल यथार्थ आयमा आन्तरिक श्रोत तर्फबाट रू.२,३७,३१,३७९।९० र वाह्य श्रोतवाट रू.४,८४,६७,८३५।०० आम्दानी भएको छ । यस यथार्थ आम्दानीमा साविकका उर्मा र फुलवारी गा.वि.स.हरूबाट सरी आएको आन्तरिक श्रोत तर्फको आम्दानी र चालु खर्च, पूजीगत खर्चको लागी प्राप्त भएको अनुदान सहयोग रकम समेत समावेश गरिएको छ । त्यस्तै गरी सोही अवधिमा कूल यथार्थ व्यय रू.६,४०,९९,६३९।९२ रहेको छ । कूल यथार्थ व्यय मध्ये चालु खर्च तर्फ रू.२,९६,००,०८२।०० सामाजिक सुरक्षा भत्ता रकम समेत गरी र पुंजीगत खर्च रू.३,४४,९९,५५७।९२ रहेको छ ।

- चालु आर्थिक बर्षको यस ५ महिने अवधिमा गत आ.व.मा संचालन भएका तर सम्पन्न हुन नसकेका अधिकांश योजनाहरू सम्पन्न हुन गएका छन भने गत आ.व.मा भएको साधन श्रोतको न्यूनताबाट भुक्तानी हुन नसकेका योजनाहरूको चालु आ.व.मा भुक्तानी गरिएका छन । पहिलो चौमासिक अवधिमा २ कि.मी सडक ग्रेभलिङ गर्ने कार्य, ३ वटा स्थानमा नदी नियन्त्रणका लागि तटवन्धन गर्ने कार्य, १.२ कि.मी पक्की ढल निर्माण, ३ वटा सार्वजनिक शौचालय निर्माण, ६ वटा बिद्यालयहरूमा कक्षा कोठा निर्माण गरिएका छन । फोहरमैला व्यवस्थापनका लागि १ वटा नयां ट्याक्टर र आगलागी प्रकोप न्यूनिकरणका लागि १ वटा नयां दमकल खरीद गरिएको छ र अहिलेसम्म १ वटा लोडर, २ वटा टिपर, ३ वटा ट्याक्टर र २

वटा दमकलको व्यवस्थाले विपद व्यवस्थापन, फोहरमैला व्यवस्थापन लगायत पूर्वाधार निर्माणका कार्यहरूमा थप टेवा पुर्‍याएको छ । फोहरमैला व्यवस्थापनको लागि थप उपकरणहरूको व्यवस्थापन गर्न अझैं लाग्नु पर्ने देखिन्छ ।

- चालु आ.व. प्रारम्भ भएको केही समय पछि देशमा नयां संविधान जारी हुनु पुर्व र पश्चातका दिनहरूमा देशका विभिन्न भु भागहरूमा परिरहेको असहज परिस्थितिको सामना सबैले गर्नु परिराखेको र त्यसमा झन कैलाली जिल्लामा लागेको कर्फ्यु र अघोसित नाकावन्दीले श्रृजना गरेको असहज परिस्थितिको पीडा यहांहरू सवैलाई अवगत नै छ । पूर्वाधार विकास निर्माणका कार्यहरू प्रभावित भएका छन । यसै विचमा धनगढी उप महानगरपालिका भएको सन्दर्भमा चालु आ.व.को स्वीकृत वजेट र कार्यक्रमहरूमा केही संशोधन गर्नुपर्ने देखिएको र साविकका उर्मा र फुलवारी गा.वि.स.हरूका गांउ परिषदले पारित गरेका वजेट तथा कार्यक्रमहरूलाई सोही बमोजिम निरन्तरता प्रदान गर्नुपर्ने सरकारको निर्देशन रहि आएको छ । यस पृष्ठभूमीमा अव देशको यस असहज परिस्थिति सहजता तर्फ उन्मुख हुदै गईरहेको सन्दर्भमा चालु आ.व.का स्वीकृत सबै पूर्वाधार विकास र लक्षित विकास कार्यक्रमहरू यो नगर परिषद सम्पन्न भए पश्चात कार्यान्वयनमा जाने कार्ययोजनाका साथ कामहरू अगाडी बढाइएको व्यहोरा यहां निवेदन गर्न चाहन्छु ।

- चालु आर्थिक बर्षमा पूर्वाधार विकास तर्फ स्थानीय विकास शुल्क, जगेडा कोष कार्यक्रम तर्फ हालको बसपार्क अगाडीको मुख्य शहरी सडक कालोपत्रे गर्ने कार्य, बसपार्कको टर्मिनल भवन निर्माण, बहुबर्षिय सम्पन्न गर्ने कार्य र यस उप महानगरपालिका कार्यालय अगाडीको खाली जग्गामा सटर भवन निर्माण गर्ने कार्य, सडक बोर्ड नेपालको लागत सहभागितामा आधारित कार्यक्रम तर्फ वडा नं.१० घुईयाघाट देखि वडा नं.१२ कालोपत्रे सडक, वडा नं.४ शिवपुरीधाम जाने शिव पार्वती सडक, वडा नं.५ नेपाल राष्ट्र बैंक चौक देखि तारानगर जनता मा.वि. सम्मको सडक, वडा नं.१ वसन्त टोल देखि धनगढी मा.वि.सम्मको सडक र चटकपुर क्याम्पस सडकको आवधिक कालोपत्रे मर्मत सम्भार गरिने छ भने मर्मत सम्भार कोष मार्फत अन्य शहरी कालोपत्रे सडकहरूको मर्मत सम्भार कार्यको थालनी गरिनेछ । ग्रेभलिङ सडकहरूलाई पनि सबै वडाहरूमा गत विगत आर्थिक बर्षहरूमा झैं ग्रेभलिङ कार्यलाई निरन्तरता प्रदान गरिनेछ । यसका अलावा लक्षित समूह विकास कार्यक्रम अन्तर्गत स्वीकृत भएका महिलालाई प्रत्यक्ष फाईदा हुने योजनाहरू, वालवालिकाहरूलाई प्रत्यक्ष फाईदा पुग्ने योजनाहरू, आर्थिक तथा सामाजिक रूपले पछाडी परेका वर्गहरूलाई प्रत्यक्ष फाईदा पुग्ने योजनाहरू र प्रवर्द्धनात्मक तथा अन्य आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास कार्यक्रमहरूलाई संचालनमा ल्याईने छन । गत बर्षको नगर परिषदबाट धनगढी नगरलाई क्रिकेट शहरको रूपमा विकास गर्ने भनि गरिएको घोषणालाई मूर्त रूप दिन यसै आ.व.मा जग्गाको पहिचान गरी अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण सम्बन्धी पूर्वाधार विकासको लागि आवश्यक पर्ने लगानीको व्यवस्थालाई प्राथमिकतामा राखिएको छ ।

- गत बर्षको नगर परिषदको पारित नीति र कार्यक्रममा उल्लेख गरेको एशियाली विकास बैंकको आर्थिक सहयोगमा लागु हुन गईरहेको दोश्रो एकीकृत शहरी विकास आयोजना (Second Integrated Urban Development Project) को राष्ट्रिय र अन्तर्राष्ट्रिय परामर्शदाताहरूबाट स्थलगत अध्ययन गरी एशियाली विकास बैंक समक्ष आफ्नो अन्तिम मस्यौदा प्रतिवेदन (Final Draft Report) भईरहेको र यस वीचमा साविक उर्मा र फुवारी गा.वि.स. गाभिन गई उप महानगरपालिका भएको सन्दर्भमा प्रस्तुत प्रतिवेदन उपर थप अध्ययन भई पुनरावलोकन भए पश्चात विस्तृत प्राविधिक अध्ययन (Design Estimate) Design को लागि विशेषज्ञ जनशक्ति छनौट भई सन २०१७ बाट कार्य संचालनमा आउने जानकारी प्राप्त भएको व्यहोरा उल्लेख गर्न चाहन्छु । गत बैशाखमा आएको महाविनाशकारी भूकम्प, कर्फ्यु, अघोषित नाकावन्दीको कारणबाट श्रृजित असहज परिस्थितिले गर्दा यो आयोजना कार्यान्वयनको काम कारवाहीमा ठूलो प्रभाव पारेको कुरा पनि यहां राख्न चाहन्छु । हालसम्मको अध्ययन अनुसार यातायात पूर्वाधार तर्फ सडक, ढल निर्माण, सडक संजाल विकास,

भौतिक पूर्वाधार तर्फ खानेपानी आपूर्ति वडा नं.९,१०,११ र १२ मा फोहरमैला व्यवस्थापन एवं पूर्वाधार विकास तर्फ सतह ढल निर्माण, ठोस र तरल फोहर व्यवस्थापन, पर्यटन पूर्वाधार विकास तर्फ जाखौर ताल, शहरी सेवा पूर्वाधार तर्फ वसपार्क टर्मिनल भवन, सार्वजनिक शौचालय, पार्किङक्षेत्र विकास, सभा गृह उप महानगरपालिकाको नयां भवन, क्रिकेट मैदान, वातावरण संरक्षण र लैंगिक समानता तथा समावेशी विकास कार्यक्रमहरूको पहिचान गरी करीव रू ३ अरब ९५ करोडको अनुमान भएकोमा प्रथम चरणमा करीव रू २ अरब ८० करोड लगानी हुने भनि प्रारम्भिक प्रक्षेपण भएको व्यहोरा यहांहरूको जानकारीको लागि अनुरोध गर्न चाहन्छु । लामो प्रयास पछि सुदूर पश्चिमान्चलका ४ वटा नगरपालिकाहरू धनगढी, अत्तरिया, झलारी पिपलाडी र भिमदत्त न.पा.मा यो परियोजनाको अध्ययन भएको छ । यो परियोजना कार्यान्वयन भएपछि यस उप महानगरले हाल भोग्दै झेल्दै आएका समस्याहरूको सम्बोधन हुनेछ र यो हाम्रो बिकासको लागी कोशेढुंगा साबित हुनेछ भन्ने बिश्वास दिलाउन चाहन्छु ।

- त्यस्तै गरी गत वर्षको नगरपरिषदको बैठकमा धनगढी नगरलाई SMART CITY बनाउनको लागी गुरू योजना तर्जुमा गर्ने तर्फ पहल गर्ने निर्णय भए बमोजिम यसको अर्न्तराष्ट्रिय परामर्शदाताहरूबाट अध्ययन गराई गुरू योजना तर्जुमा गर्न यस जिल्लाका व्यवस्थापिका संसदका माननीय सदस्यज्यूहरूलाई उपलब्ध हुने अनुदान रकमबाट नगरपालिकामा एउटा कोष स्थापना गरी अध्ययनको काम प्रारम्भ गर्ने तर्फ कारवाही अगाडी बढि रहेको छ । यस कोषलाई शुरूमा रू.४५ लाख जम्मा हुने क्रममा छ भने अन्य थप श्रोतको लागि नेपाल सरकार संग छुटै अनुरोध गरिनेछ ।
- मैले माथी उल्लेख गरिसकेको छु कि, धनगढी उप महानगरपालिका भएको सन्दर्भमा अव नयां सोच परिकल्पनाका साथ योजनावध्द एवं व्यवस्था ढंगले हाम्रा आवश्यकता समस्याहरूलाई समाधान गर्न आवश्यक भएकोले यसै आर्थिक बर्षदेखि धनगढी उप महानगरको समग्र नगर विकास योजना (Comprehensive Town Development Plan) निर्माण गरिनेछ र यसको लागि रू.२५ लाख वजेट विनियोजन भै आएको छ र उप महानगर क्षेत्रको सडक संजाललाई व्यवस्थित गर्न नगर यातायात गुरू योजना (Municipal Transportation Master Plan) निर्माणका लागि गत आ.व. देखि अध्ययन प्रारम्भ भै आएको अन्तिम मस्यौदा प्रतिवेदन बुझाउने समय तिर उप महानगरपालिका घोषणा भएकोले गाभिएका गा.वि.स.हरूलाई समेटी थप अध्ययन गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।

- मिति २०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट भएको जनधनको अतुलनीय एवं अपुरणीय क्षति र भौतिक संरचनाहरूमा भएको तहसनहसलाई दृष्टिगत गर्दै राष्ट्रिय भवन संहिता २०६० तथा भवन सम्वन्धी मापदण्डहरूलाई परिमार्जित गरी नेपाल सरकारबाट जारी भएको "बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२" लाई मिति २०७२।६।२७ गते भएको यस उप महानगरपालिकाको विशेष परिषदबाट पारित गर्दै कार्यान्वयनमा आएको छ र यस नगर क्षेत्रमा विद्यमान सडकहरूको स्तरोन्तती गर्न र यातायात व्यवस्थापन सहज गर्न सडकको सडक अधिकार क्षेत्र (Right of Way) लाई विस्तार गरी पुनरावलोकन गरिएको छ ।

- धनगढी उप महानगरपालिकामा प्रत्येक बर्ष हुने गरेको डुवान, नदी कटान, आगलागी, महामारी तथा अन्य विपदहरूबाट हुने क्षतीलाई न्यूनिकरण गर्ने दिशामा आवश्यक अक्सफाम, फाया नेपाल संगको सहकार्यमा विपद जोखिम व्यवस्थापन योजना निर्माण गरिएको छ र सो को लागि वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गरी क्रियाशील तुल्याईएको छ र १४ वटा वडाहरूमा विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ ।

- भूकम्पकीय जोखिमको दृष्टिकोणले पनि संवेदनशील नगरको रूपमा रहेको यस नगरका वासिन्दाहरूलाई सुरक्षित तुल्याउन भूकम्पकीय प्रतिरोधात्मक संरचनाहरू निर्माण गर्नका लागि मिति २०७०।५।१६ देखि राष्ट्रिय भवन संहिता, २०६० (National Building Code, २०७०) लाई कार्यान्वयनमा ल्याईएको छ । साविक धनगढी

न.पा., फुलवारी र उर्मा गा.वि.स.मा निर्माण भैसकेका भवनहरूको सम्बन्धमा तत्कालिन मापदण्ड पुरा गरेका भवनहरूको लागि ईन्जिनियरिंग परिषदमा दर्ता भै यस उप महानगरपालिकामा सूचिकृत भएका ईन्जिनियरिंग कन्सल्टेन्सीहरूबाट तयार भएकाहरूको नक्सापास गर्नका लागि १ देखि १४ नं. वडा सम्मका लागी जरिवाना सहित यही चैत्र मसान्तसम्म र १५ देखि २० नं. वडाका लागी जरिवाना वाहेक यही आषाढ मसान्तसम्मको समय सीमा प्रदान गरिएको छ । भूकम्प प्रतिरोधात्मक संरचना निर्माण गर्नका लागि तालिम प्राप्त दक्ष जनशक्तिको आवश्यक पर्ने भएकोले गत आ.व.मा १०३ जना गरी हालसम्म ४५१ जना लाई तालिम प्रदान गरी जनशक्तिको आपूर्ति गरिएको छ । यस कार्यमा अक्सफामनेपाल, फाया नेपाल र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको उल्लेखनीय सहयोग रहि आएको छ ।

- उप महानगरपालिकाले सर्वसुलभ रूपमा आफ्ना नगरवासीहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउन स्थापित ३ वटा शहरी स्वास्थ्य केन्द्रहरूबाट खोपकेन्द्र संचालन, गर्भ परीक्षण, नि:शुल्क औषधी वितरण, प्राथमिक उपचार र परामर्श सेवाहरू निरन्तर चलि आएको छ भने १९५ जना महिला स्वयं सेविका दिदी वहिनीहरू मार्फत भिटामिन ए कार्यक्रम, पोलियो थोपा खुवाउने, हात्ती पाईले रोग विरूद्धको औषधी खुवाउने र जनस्वास्थ्य एवं सरसफाई सम्बन्धी अन्य कार्यहरूमा निरन्तर लागिरहेका छन ।
- नगरलाई हरहमेशा सफा राखि वातावरण मैत्री घर, टोल, वस्ती, समाज वनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गरेका छौं । यस क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा ७३ पटक अभियानको रूपमा संचालन भयो । र यसै गरी रेयुकाई महिला स्वास्थ्य सेवकसमेतको सहकार्यमा प्रत्येक शनिवार शहरका मुख्य सडकहरूमा नागरिक सफाई अभियान समेत प्रारम्भ गरेका छौं । यसबाट आम नगरवासीहरूमा व्यापक रूपमा सरसफाई जागरणको लहर फैलिएको छ ।

- यस उप महानगरको सौन्दर्यीकरण अभिबृद्धि गर्नको लागि सडक पेटी, सार्वजनिक स्थल, जग्गाहरू अतिक्रमण गरि बसेकाहरूलाई व्यवस्थित गर्न र माछामासु, सब्जीमण्डी वजारलाई व्यवस्थित गर्ने कार्य निरन्तर जारी राखिएकोमा नगरवासीहरूबाट अपेक्षाकृत सहयोग प्राप्त हुन नसक्दा नतिजामूलक उपलब्धी हासिल हुन सकेको छैन भने खोलानाला माथीको दोहनले पनि नगरलाई डुवानमा पारेको हुंदा यसलाई सरोकारवालाहरूको सहयोगमा प्रभावकारी कारवाहीको प्रक्रिया अवलम्वन गर्न प्रयत्नशील रही आएको छ ।

- नगरवासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरू, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने क्रममा वडा नं.९,१०,११,१२ को घुईयाघाटमा वडा नं.१५,१६,१७ को उर्मामा र वडा नं.१८,१९,२० को फुलवारीमा संयुक्त वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन ।

- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ३१२९ जना ज्येष्ठ नागरिक, ९४८ जना एकल महिला, १८४९ जना विधवा एकल महिला, ८६ जना पूर्ण अशक्त अपांगता भएका व्यक्ति, ९० जना अति अशक्त अपांगता भएका व्यक्ति, ४ जना आंशिक अशक्त अपांगता भएका व्यक्ति, ८६ जना लोपोन्मुख आदिवासी जनजाती(राजी) र १४७६ जना ५ बर्ष मुनिका दलित वालवालिकाहरू गरी जम्मा ७६६८ जना लाभग्राहीलाई रू. १ करोड ७८ लाख ३५ हजार ७०० पहिलो चौमासिक अवधिमा भत्ता वितरण गरिएको छ ।

- यस चालु आ.व. मा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमहरू तर्फ विभिन्न वडाहरूमा सडक ग्रेभलिगं, पल्टनपथ, केदार टोलको सडक कालोपत्रे, तारानगर टोल (सिंदाग टोल) को सडक कालोपत्रे, कैलाली वहुमुखी क्याम्पसको एफ.एम.निर्माण, फूलवारी वहुमुखी क्याम्पसको भौतिक पूर्वाधार निर्माण, शिवपुरीधामको प्रवेशद्वार निर्माण, फूलवारी आई चौकमा सुरक्षित आवास गृह निर्माण, फुलवारी बि गांउ हल्दुरूख नालामा २ वटा कल्भर्ट निर्माण, वडा नं.१ लक्ष्मीनगरमा नाली निर्माण, वैयावेहडी सिटी स्कुल जाने बाटो र शारदा स्कुल भित्र सडक कालोपत्रे, सि गांउ भट्टेखोलामा कल्भर्ट निर्माण, धनगढी एफ.एमको पश्चिम उत्तरको

बाटो कालोपत्रे कार्यक्रमहरू संचालनार्थ छन । त्यस्तै बिषयगत कार्यालयहरूको तर्फबाट मुख्य गरी रातो पुलदेखि घरेलुसम्मको सडक स्तरोन्नती, नेपाल वार जिल्ला इकाई भवन निर्माण, मटियारीको शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण, जांई खानेपानी आयोजना, वोराडांडी उत्तरवेहडी चटकपुर र विशालनगरमा खानेपानी पाईप लाईन विस्तार, तारानगरमा रिजभ्वायर निर्माण, एन डि. पथ, ढुगें वजार, कैलाली गांउ, जाली, मनेहरा जगेडा कोषवाट वैयावेहडी जाने सडक, शीप विकास तारानगर, ढुगें वजार तारानगर सडक र नेपाल राष्ट् बैंक स्थित नालामा पक्की पुल निर्माणका साथसाथै धनगढी वचाउ अभियान अन्तर्गत विभिन्न स्थानमा तटवन्धका कार्यक्रमहरू संचालन हुनेछन । यसका लागि वजेट विनियोजन भै आएको व्यहोरा जानकारी गराउदछु ।

- एशियाली विकास बैंकको लगानीमा निर्माण हुने नयां बसपार्क टर्मिनल भवन लगातका अन्य पूर्वाधार निर्माणका लागि बोराडांडीमा Land Fill Site को लागी जुगेडा सी गांउमा सभागृह निर्माणका लागि मटियारीमा र क्रिकेट मैदान निर्माणको लागि फुलवारीमा जग्गाहरूको पहिचान गरी जग्गा प्राप्तिका लागि नेपाल सरकार संग अनुरोध गरी पठाउन आवश्यक गृहकार्यहरू प्रारम्भ गरिएका छन ।
- यसै आर्थिक बर्षमा संचालित यी कार्यक्रमहरूका अलावा कैलाली बहुमुखी क्याम्पसको वहुउद्देशिय मन्च निर्माण, फुलवारी वहुमुखी क्याम्पसको पर्खाल निर्माण, उर्मा स्थित वेहडावावालाई धार्मिक पर्यटकीय स्थल निर्माणको लागि गुरू योजना तर्जुमा गर्न र नेपाल पत्रकार महासंघ, कैलालीको भवन निर्माण र फुलवारीको सुरक्षित आवास गृह निर्माणका लागि संशोधित वजेट मार्फत आवश्यक वजेटको विनियोजन गरिएको छ । यसका लागि चालु आ.व.२०७२।०७३ को संशोधित आय अनुमान रू२५,५५,९४,११७।३५ प्रस्ताव गरिएको छ । उक्त आयमा आन्तरिक श्रोत तर्फबाट रू ७,१३,८५,२५०।०० र वाह्य श्रोतबाट रू १८,३४,३१,०००।०० मौज्दातबाट रू. ७,७७,८६७।३५।०० व्यहोरिने छ भने व्यय अनुमानमा चालु खर्च तर्फ रू. ९,९३,७६,५००।०० र पूजीगत खर्च तर्फ रू. १५,६२,१७,६१७।३५ गरी जम्मा रू २५,५५,९४,११७।३५ प्रस्ताव गरिएको छ ।

आदरणीय महानुभावहरू

- स्थानीय स्वायत्त शासन ऐन २०५५ र सो सम्बन्धी नियमावली २०५६ ले व्यवस्था गरे अनुसार सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत आगामी आ.व. २०७३।०७४ को आय।व्यय अनुमान तयार गरी नीति, कार्यक्रम र वजेट चालु आ.व. कै पौष महिना भित्र पारित गर्नु पर्ने वैधानिक प्रावधान रहेको छ । यस व्यवस्था वमोजिम धनगढी उप महानगरपालिकाको उपलब्ध आन्तरिक श्रोत, राजश्व वांडफांडबाट प्राप्त रकम, नेपाल सरकारबाट प्राप्त हुने नि:शर्त र सशर्त अनुदान सहयोग अन्य दातृ निकाय, संघ संस्थाहरूबाट प्रतिवध्दता व्यक्त भएको सहयोगको रकमलाई एकीकृत गरी आवश्यकता र प्राथमिकता प्राप्त आयोजनाहरूमा हुने लगानीमा तादाम्यता कायम राखि अगामी आ.व२०७३।०७४ को अनुमानित बार्षिक नीति, कार्यक्रम र वजेट तर्जुमा गरिएको छ । उक्त नीति, कार्यक्रम र वजेट तर्जुमा गरी हालै जारी भएको नेपालको संविधानले निर्दिष्ट गरेको राज्यको निर्देशक सिध्दान्त र नीतिहरू, राज्यको मूल योजनाले निर्धारण गरेको मूल लक्ष्य, सहस्राव्दी विकास लक्ष्य, स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६, स्थानीय निकाय श्रोत परिचालन तथा कार्यविधि २०६९, नेपाल सरकारबाट प्राप्त वजेट सिलिंग र नीतिगत मार्ग निर्देशनहरू, राजनैतिक दलहरूबाट प्राप्त मार्गदर्शन एवं सुझावहरूसहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरू, नगरस्तरीय राजश्व परामर्श समितिको प्रतिवेदन र गत विगत बर्षहरूमा सम्पन्न भएका नगर परिषदका बैठकहरूबाट भएका निर्णयहरूलाई मार्ग दर्शनको रूपमा ग्रहण गरी आगामी आ.व. २०७३।०७४ को धनगढी उप महानगरपालिकाको नगर विकास योजनाको प्रारूप तयार गरिएको छ । आगामी आ.व.को नीति, कार्यक्रम र वजेटको तर्जुमा गर्ने क्रममा साधन श्रोतहरूको न्यूनता र सहभागितामूलक प्रक्रियाबाट प्राथमिकिकरण भै आएका योजना तथा कार्यक्रमहरूको सूचीलाई तादाम्यता सन्तुलन कायम गर्न आफैमा ज्यादै नै चुनौतीपूर्ण रहि आएको छ । यस क्रममा उपलब्ध साधन श्रोत र प्राथमिकता प्राप्त आवश्यकताहरूको तादाम्यता, नियमितता, मितव्ययिता, विधिको पालन र औचित्य समेतलाई हृदयंगम गरी

सो को अधिकतम उपयोग गर्दै नगरवासीहरूले प्रत्यक्ष र तत्काल लाभको अनुभूती गर्न सक्ने नतिजामुखी कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने व्यवस्था मिलाईएको छ ।

आदरणीय महानुभावहरू

- अव म आगामी आ.व.०७३।०७४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

- धनगढी उप महानगरपालिका भएको सन्दर्भमा साविकको धनगढी नगरपालिका उर्मा गा.वि.स.र फुलवारी गा.वि.स.का गत बर्ष सम्पन्न भएका आ आफ्ना परिषदहरूबाट पारित नीति र कार्यक्रमहरूको स्वामित्व ग्रहण गरिनेछ ।

- शहरी पूर्वाधार विकास निर्माणका लागि वैदेशिक लगानी भित्र्याउन लगानी मैत्री वातावरण श्रृजना गरिनेछ । र यस्तो लगानीलाई प्रोत्साहन गरिनेछ ।

- सम्पन्न हुन नसकेका क्रमागत अधुरा योजनाहरूलाई सम्पन्न गर्न विशेष प्राथमिकता दिईनेछ

- नगर क्षेत्रका शहरी सडकहरू, ग्रामिण सडकहरूमा कालोपत्रे गर्ने, आवधिक मर्मत गर्ने, ग्रेभलिंग गर्ने र संगसंगै ढल निर्माण गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।
- मर्मत खोजिरहेका सबै संरचनाहरूलाई मर्मत सम्भार कोष मार्फत मर्मत सम्भारको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
- राष्ट्रिय भवन संहित, २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ र परिमार्जित सडकको सडक क्षेत्र अधिकार (Right Of Way) २०७२ लाई कार्यान्वयनमा ल्याई प्रभावकारी वनाईनेछ । भवन संहिता विना वनेका घरहरू मध्ये कुनै घरधनीले आफ्नो घर भूकम्पबाट जोगाउन सवलीकरण (Retrofitting) गर्न चाहेमा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिई प्रोत्साहन गरिनेछ । शैक्षिक एवं सामाजिक संघसंस्थाहरूको भवन निर्माणलाई अनुदान सहयोग गर्दा यो मापदण्डलाई अनिवार्य शर्तको रूपमा राखिनेछ ।

- नगर क्षेत्रको विकासको लागि नगर क्षेत्रभित्र कार्यरत अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरका गैर सरकारी संघसंस्थाहरूलाई विकासको संवाहक र साझेदारको रूपमा लिईनेछ ।

- सडक, सार्वजनिक जग्गा, खोलानाला माथी भए गरेका अतिक्रमणलाई हटाउन उच्च प्राथमिकता दिई स्थानीय प्रशासनको सहयोगमा, उप महानगरपालिकाको संयोजकत्वमा नापी कार्यालय, नगर विकास समिति लगायतका सरोकारवाला निकायहरूको प्रतिनिधित्व हुने गरी एक टोली वनाई "अविलम्व अतिक्रमण हटाउ अभियान" प्रारम्भ गरिनेछ । अतिक्रमणकारीहरूको पहिचान गरी अतिक्रमण हटाउन असहयोग भएमा नगरपालिकाबाट प्रादन हुने सेवा वन्द गरिनेछ ।

- जोखर ताल, शिवपुरीधाम र वेहडावावालाई धार्मिक, पर्यटकीय स्थलको रूपमा विकास गरिनेछ र अन्य पर्यटन, प्रवर्द्धनका लागि "एक नगर एक पर्यटन गन्तव्य" भन्ने अभियान पनि संचालन गरिनेछ । साथै जोखर तालको स्वामित्व उप महानगरपालिकामा राख्न आवश्यक पहल अगाडी बढाईनेछ ।

- सवै वडाहरूमा स्थानीयको सहभागितामा कम्तीमा पनि एउटा खेलकुद मैदान, एउटा वगैचा र विपद व्यवस्थापनका लागि एउटा खुल्ला क्षेत्र तोकी आवश्यक पूर्वाधारको व्यवस्था मिलाईनेछ ।

- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संगको प्राविधिक सहयोगमा नगद सहभागितामा आधारित स्थानीय उर्जा कार्यक्रम र सडक वत्ती कार्यक्रम यसै आ.व. देखि कार्यान्वयनमा ल्याईनेछ ।

- विकास निर्माणका कार्यक्रमहरू संचालन गर्दा उपभोक्ता समितिलाई नै प्रोत्साहन गरिनेछ । विकास आयोजनाहरू संचालन गर्दा लागत सहभागितालाई प्राथमिकता दिईनेछ ।

- हाल कार्यान्वयनमा आईरहेको राष्ट्रिय सरसफाई अभियान, नागरिक सरसफाई अभियानलाई अझै प्रभावकारी वनाईनेछ र २०७२ साल २४ गते सम्ममा उप महानगरपालिका लाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिनेछ । र प्लाष्टिकको प्रयोगमा पूर्णत: वन्देज लगाईनेछ ।

- स्थानीय समुदायको सहयोगमा आवश्यकतानुसार शहरी स्वास्थ्य क्लिनिक वा योगध्यान केन्द्र संचालनमा जोड दिईनेछ ।
- स्थानीय आदिवासी, थारू, राना जातीको संस्कृतिको संरक्षण र प्रवद्धनमा जोड दिदै थारू, राना संग्रहालय निर्माणका लागि आवश्यक पहल अगाडी बढाईनेछ ।

- नगर क्षेत्रभित्र वसोवास गरी आउनु भएका मुक्त कम्लहरीको क्षमता विकासमा जोड दिईनेछ ।

- वडा नं.१६ मा रहेको भादाको Home Stay कार्यक्रमलाई प्रवर्द्धन गर्न जोड दिईनेछ ।

- विपद व्यवस्थापनका लागि मौजुदा विपद व्यवस्थापन योजनालाई पुनरावलोकन गरी अन्य वडाहरूमा विस्तार गरी कोष स्थापानाको व्यवस्था गरिनेछ ।

- उप महानगरपालिकाको सेवा प्रवाहलाई घरदैलोमा पुर्‍याउन बांकी अन्य वडाहरूमा पनि वडा समिति कार्यालय स्थापना र विस्तार गरी सेवा प्रवाह गरिनेछ ।

- यस क्षेत्रको पहाडी भू भागमा अवस्थित एक नगरपालिका संग भगिनी सम्बन्ध विस्तार गरी आपसी सहयोग, ज्ञान, सिकाई आदान प्रदान गरिनेछ । यसको लागि विदेशका नगरपालिका संग भगीनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।
- लक्षित समूह विकास कार्यक्रमहरू संचालन गर्दा वास्तविक लक्षित वर्ग नै लाभान्वित हुने र उनीहरूले प्रत्यक्ष र तत्काल लाभको अनुभूती हुने गरी स्थानीय संघ संस्थाको सहकार्यमा संचालन गरिनेछ ।

- शहरी सुरक्षा सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता प्रदान गर्दै नगरवासीहरूको सुरक्षाको हेतु स्थानीय प्रहरी प्रशासन संग समन्वय र सहकार्य गरी सिसिटिभी जडान लगायतका अन्य कार्यक्रमहरू संचालन गरिनेछ ।

- नगरको सवारी यातायात आवागमनलाई सरोकारवाला निकायहरू संगको समन्वय र सहकार्यमा नगरबस, ईलेक्ट्रिक रिक्सा आदीलाई व्यवस्थित गर्ने कार्य अविलम्व चालिनेछ ।

- उप महानगरपालिका कार्यालय, वडा समिति कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह, कामकारवाही, श्रोत परिचालन, विकास निर्माणमा जवाफदेही, पारदर्शिता र सदाचार प्रवर्द्धन गरी सुशासनको प्रत्याभूती दिलाउन सार्वजनिक सुनुवाई, सामाजिक परिक्षणको कार्यक्षेत्रलाई निरन्तरता दिई यसको अलावा उप महानगरका सबै

गतिविधिहरू नगरवासीहरूलाई सुसुचित गराउन स्थानीय टेलिभिजन मार्फत "धनगढी उपमहानगर विशेष" कार्यक्रम संचालनमा ल्याईनेछ । क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरिनेछ ।

- नगर क्षेत्रका लक्षित समूह वर्गमा आवद्ध विपन्न वर्ग, दलित, आदिवासी, जनजाजती, महिला, मुस्लिम, मधेशी फरक क्षमता भएका समलिंगी वर्गहरूको क्षमता विकास र सामाजिक परिचालनका माध्यमबाट शहरी गरिवी न्यूनिकरण कार्यक्रमहरूको संचालनलाई निरन्तरता दिईनेछ ।

- धनगढी उप महानगरपालिका भएको सन्दर्भमा यस कार्यालयको कार्यक्षेत्र विस्तार भएबाट यसको नयां संगठन विकासको अध्ययन गरिनेछ । कर्मचारीहरूको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ । दण्ड र पुरूस्कारको व्यवस्था पनि गरिनेछ ।

- स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले व्यवस्था गरेको नगर स्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिको कामकारवाहीलाई थप प्रभावकारी बनाईनेछ ।

- उप महानगरपालिकाको राजश्व संभाव्यताको अध्ययन गरिनेछ । करका दायरामा आवद्ध नभएका सबै करदाताहरूलाई करको दायराभित्र करदाता सचेतना र करदाता शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ । कर संकलनका लागि घरदैलोमा टोली परिचालन कार्यलाई निरन्तरता दिईनेछ । र यसलाई नगरपालिकाबाट प्रवाह गरिने सेवा संग आवद्ध गरिनुको साथै करदातालाई सम्मान पनि गरिनेछ ।

- वडा नागरिक मन्च, नागरक सचेतना केन्द्रका पदाधिकारीहरू, सामाजिक परिचालकहरू र महिला स्वयं सेविकाहरूको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । महिला स्वयं सेविकाको हकहितको लागी स्थापित कोषमा थप वजेटको व्यवस्था गर्दै महिला स्वयं सेविकाहरूले गर्नु भएको योगदानलाई निरन्तरता प्रदान गर्न प्रत्येक वडाका महिला स्वयं सेविकाको संयोजकलाई संचार महशुलको थप व्यवस्था गरिनेछ ।

- राजयको चौथो अंगको रूपमा पत्रकार जगतको संस्थागत विकास र क्षमता अभिबृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

- कार्यालयबाट सम्पादन गरिने योजना तथा कार्यक्रमहरूमा पेश्की तथा बेरूजु तर्फ शुन्य सहनशीलताको नीति लिईनेछ ।
- सरकारी निकायहरूको नयां भवन निर्माणका लागि अनुमती प्रदान गर्दा अपांग मैत्री भएकालाई मात्र अनुमती दिने व्यवस्था मिलाईनेछ ।

- यस नगरलाई वातावरण मैत्री, स्थानीय शासनको प्रारूप, २०७० बमोजिम व्यवस्था भएका सूचकहरू कार्यान्वयन गरी नगरलाई वातावरण मैत्री बनाईनेछ । र यस कार्यालयलाई पनि आगामी वैशाख १ गते देखि वातावरण मैत्री कार्यालय घोषणा गरिनेछ । अन्य कार्यालयलाई पनि वातावरणमैत्री वनाउन पहल गरिने छ ।

- वडा नं.३ को चटकपुर राजघाटमा एउटा औद्योगिक प्रदर्शनी स्थलको लागी र गौरा पर्वको लागी आवश्यक पर्ने जग्गाको खोजी कार्य प्रारम्भ गरिनेछ ।

- स्थानीय समुदाय संग सहकार्य गरी मुल सडकको वरपर सौर्य उर्जाको माधयमबाट सडकवत्ती संचालनमा बिशेष जोड दिईनेछ ।

- यस नगरलाई वालमैत्री नगरको रूपमा विकसित गर्नका लागि सबै वडकहरूमा वालभेला, वालक्लव गठन गरी वालमैत्री स्थानीय शासन पूर्ण रूपमा लागु गरिनेछ । र यसको लागी वालवालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत वजेट बढाएर १५ प्रतिशत पुर्‍याईने छ । नगर क्षेत्रमा निबृष्ठ प्रकारको वाल क्षमको अन्त्य गरिनेछ । वालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाईनेछ । त्यस्तै गरी नगरका १ बर्ष मुनिका वालवालिकाहरूलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त नगरको रूपमा पनि अगाडी बढाईनेछ ।

आदरणीय महानुभावहरू

- अव म माथी उल्लेखित नीति तथा कार्यक्रमहरूको आधारशीलामा रही धनगढी उप महानगरपालिकाको आगामी आ.व. २०७३।०७४ को आय व्यय अनुमान विवरण प्रस्तुत गर्दछु । सहभागीतामूलक योजना तर्जुमा पद्धतिबाट प्राथमिकतामा पर्दापर्दै पनि उप महानगरको सीमिति आन्तरिक श्रोत साधन र नेपाल सरकारबाट प्राप्त हुने न्यून वजेट सिलिंगका कारणले सबै योजना तथा कार्यक्रमहरूलाई एकै आ.व.मा समावेश गर्न नसकिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछु । त्यसरी प्राथमिकतामा परेका तर श्रोत साधनको सीमितताले गर्न नसकिएका योजनाहरूलाई योजना बैंकमा समावेश गरी अन्य दातृ निकायहरू, जिल्ला विकास समिति, नेपाल सरकारका केन्द्रीय निकायहरू संग समन्वय गर्दै श्रोतको व्यवस्था मिलाई कार्यान्वयन गर्न प्राथमिकतामा राखिने तथा आगामी आ.व.हरूमा समेत क्रमश:कार्यान्वयन गर्दै लगिने व्यहोरा समेत अनुरोध गर्दछु ।

- आगामी आ.व.०७३।०७४ को लागी कुल रू.२७,८९,०९,४७५।०० व्यय अनुमान गरिएको छ । उक्त अनुमान मध्ये चालु खर्च तर्फ रू.१०,९६,७६,६५०।००(३९.३२) र पूंजीगत तर्फ रू.१६,९२,३२,८२५।००(६०.६८) विनियोजन गरिएको छ । यो व्यय अनुमान चालु आ.व.को संशोधित अनुमान भन्दा ९.१२ प्रतिशत ले बृद्धि गरिएको छ । चालु खर्च तर्फ विशेष गरी सामाजिक सुरक्षा भत्ता रकम वितरणको लागि रू.६,६०,००,०००।००, उपभोग खर्चमा रू२,७०,५५,०५०।००, कार्यालय संचालन र सेवा खर्चमा रू.८९,२१,६००।००, सेवा उत्पादन खर्चमा रू.३७,९५,०००।००, वारूण यन्त्र संचालन खर्चमा रू.२२,००,०००।०० र आन्तरिक ऋणको व्याज भुक्तानीमा रू.८,८०,०००।०० विनियोजन गरिएको छ ।

- त्यस्तै गरी, पूंजीगत खर्च, तर्फ विनियोजित रकम मध्ये स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले तोकेको लगानीका क्षेत्रका आधारमा विशेषगरी भौतिक पूर्वाधार विकासका लागी रू.८,६०,७७,६००।०० विनियोजन गरिएको छ । लक्षित समूह विकास कार्यक्रम तर्फ महिला लक्षित कार्यक्रममा रू.५८,२८,०००।००, वालवालिका लक्षित कार्यक्रममा रू.८७,४२,०००।००, आर्थिक तथा सामाजिक रूपमा पछि परेका विपन्न वर्ग दलित, आदिवासी, जनजाती, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरू, मधेशी, मुस्लिम, पिछडा वर्ग र अन्य पिछडिएका वर्ग को कार्यक्रमको लागी रू.८७,४२,०००।०० विनियोजन गरिएको छ । प्रवर्द्धनात्मक कार्यक्रम तर्फ रू.१,०४,९०,०००।०० विनियोजन भएको छ । त्यस्तै गरी फोहरमैला व्यवस्थापनका लागि रू.१ करोड ३२ लाख, सडक बत्ती व्यवस्थापनका लागि रू. २२ लाख, स्वास्थ्य केन्द्र संचालनमा रू.१३ लाख, मर्मत सम्भार कोषमा रू.२२ लाख, विपद व्यवस्थापन कोषमा रू.५ लाख ५० हजार, वातावरण संरक्षण कोषमा रू.५ लाख ५० हजार विनियोजन भएको छ । सामाजिक परिचालनको माध्यमबाट सबै वडाहरूमा जीविकोपार्जन सुधार र स-साना पूर्वाधार विकास निर्माणका लागि रू.५८ लाख विनियोजन गरिएको छ ।

- यी माथी गरिएको वजेट विनियोजनबाट माथी उल्लेखित कार्यक्रमहरूको सम्बोधनका लागि सम्बन्धित कार्यक्रमहरूमा छुट्याईएको वजेटबाट लगानी हुने गरी व्यवस्था गरिएको छ ।

आदरणीय महानुभावहरू

- अव म माथी प्रस्तुत गरिएको व्यय अनुमानको व्यवस्थाका लागि आन्तरिक श्रोत तर्फबाट रू.८,००,७३,७७५।०० र वाह्य श्रोत तर्फबाट रू.१९,८८,३५,७००।०० गरी जम्मा रू.२७,८९,०९,४७५।०० आय अनुमान गरिएको छ । कुल आय अनुमानमा आन्तरिक श्रोत तर्फको २८.७१ %र वाह्य श्रोत तर्फको ७१.२९ % योगदान रहने गरी अनुमान गरिएको छ । यो आय अनुमान प्रस्ताव गर्दा राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन र नगर स्तरीय राजश्व परामर्श समितिको प्रतिवेदनलाई आधार मानिएको छ । केही व्यवसायको व्यवसाय कर, नक्सापास दस्तुर र केही सिफारिश सम्बन्धी कामहरूको सिफारिश दस्तुरहरूमा केही संशोधन गरिएको छ भने धनगढी उप महानगरपालिकामा गाभिएका उर्मा र फुलवारी गा.वि.स. क्षेत्रका कृषि कार्यमा प्रयोग भएको जग्गामा पहिलो तीन बर्षसम्म साविक गा.वि.स.ले लगाई रहेको कर भन्दा बढी हुने गरी मुल्यांकन गरिने छैन । संशोधित नयां दररेट चालु आ.व. देखि नै लागु हुनेछन ।

आगामी आ.व.०७३।०७३ को आय व्ययको अनुमानित विवरण, नीति तथा कार्यक्रमहरू, योजनागत वजेट वांडफांडको स्वीकृत विवरण, कर सेवा शुल्क दस्तुरका विवरणहरू बार्षिक नगर योजना पुस्तिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछु ।

आदरणीय महानुभावहरु,

- प्रस्तावित वजेट नीति र कार्यक्रमहरूको कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, सास्थागत, नीतिगत र कार्य विधिगत सुधारका कार्यहरूलाई निरन्तरता दिदै वजेट कार्यान्वयनको सुनिश्चितता एवं पारदर्शता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु ।

- अन्तमा, हाम्रो आमन्त्रणलाई स्वीकार गरी व्यस्त अमूल्य समयको वावजुद यस समारोहमा पाल्नु भएका आदरणीय प्रमुख अतिथीज्यू , विशिष्ट अतिथीज्यू, तथा अतिथीज्यूहरू प्रति हामी एकदमै आभारी छौं । र कृतज्ञता व्यक्त गर्दछौं । यहांहरूबाट गहनतम मार्गदर्शन एवं रचनात्मक सुझावहरू प्राप्त हुनेछन र उक्त मार्ग निर्देशन एवं सुझावहरूलाई यथोचित ढंगले सम्बोधन हुने गरी धनगढी उप-महानगरको वस्तुनिष्ठ र यथार्थपरक हुने गरी नगर विकास योजना पारित गर्ने तर्फ सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । नगरको विकास अभियानमा सदैव मार्ग निर्देशन र सहयोग पुऱ्याउनु हुने नेपाल सरकारका सवै केन्द्रिय निकायहरू, दातृ निकायहरू, व्यबस्थापिका संसदका माननीय सदस्य ज्यूहरू, धनगढी उप-महानगरमा क्रियाशील सवै राजनैतिक दलहरू, स्थानीय प्रशासन, सुरक्षा निकायहरू, अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरू, नेपाल बार एसोसियसन कैलाली, निर्माण ब्यवसायी संघ कैलाली कैलाली उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाईटी, नेपाल पत्रकार महासंघ, Oxfam Nepal, NSET, FAYA Nepal लगायत अन्य सम्पुर्ण सामाजिक संघ संस्थाहरू,वडा नागरीक मञ्च, नागरिक सचेतना केन्द्रका प्रतिनिधिज्यूहरू, नागरिक समाज, सञ्चारकर्मी मित्रहरू, आदरणीय नगरवासी दिदी वहिनी एवं दाजु भाईहरू सबैमा हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत वजेट, नीति तथा कार्यक्रमहरूको सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सबै पक्षबाट सदाझैं निरन्तर सल्लाह, सहयोग र सुझावको अपेक्षा गर्दछु र नगर विकास योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पु-याउनु हुने राजनीतिक दल, बिषयगत कार्यालयहरू, गैर सरकारी संस्थाहरू, अन्य सम्बद्ध पक्षका प्रतिनिधीज्यूहरू र धनगढी उप-महानगरपालिकाका सम्पूर्ण कर्मचारी साथीहरूलाई यस अवसरमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु ।

धन्यवाद/नमस्कार

२०७२।०९।२९ गते बुधवार

(रामलाल श्रेष्ठ)
प्रमुख एवं कार्यकारी अधिकृत